# द्वन्द्व पीडित साझा चौतारी
## Conflict Victims' Common Platform (CVCP)
केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल
स्था: २०७१


प. सं. २ साउन, २०७६

माननीय भानुभक्त ढकालज्यू,
मन्त्री, कानून न्याय तथा संसदीय मामिला
सिंहदरवार, काठमाडौं ।

**विषय: सर्वोच्च अदालतका परमादेश अनुसार तत्काल ऐन संशोधन एवं स्वतन्त्र, निष्पक्ष र सक्षम व्यक्तिहरुलाई सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका पदाधिकारीको सिफारिस एवं नियूक्त गर्ने सम्बन्धमा सर्वोच्च अदालतको परामादेश, संयुक्त राष्ट्र संघको मानव अधिकार उच्चायुक्तको कार्यालयले तयार गरेको मापदण्ड एवं अन्य मुलुकमा असल अभ्यासहरुका आधारित मापदण्डहरुका सम्वन्धमा विशेष ध्यनाकर्षण सम्वन्धमा ।**

माननीय मन्त्रीज्यू,

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग असफलताको कारणको मुल जड नै आममाफी उन्मुख सोंचबाट ल्याएको त्रुटिपूर्ण ऐन एवं अपारदर्शी प्रक्रियाद्धारा र दलीय भागबण्डामा गठित आयोग रहेको तथ्य छर्लङ्ग छ । मानवअधिकारको राष्ट्रिय अर्न्तराष्ट्रिय व्यवस्थालाई सहर्ष स्विकार नगर्ने त्रुटिपूर्ण एव् माफीप्रधान व्यवस्थाको ऐन भएकोले प्रमूख सरोकारवाला द्वन्द्वपीडित, मानवअधिकारवादी समुदाय एवं अन्तर्राष्ट्रिय समुदायले आयोगलाई साथ दिन सकेनन् । द्वन्द्व रुपान्तरण तथा समाधान, शान्ति निर्माण र संक्रमणकालीन न्यायको अवधारणा, भन्दापनि दलगत स्वार्थ एव् दलीय भागवण्डाबाट नियुक्त पदाधिकारीहरुको असक्षमताले सरोकारवालाहरुको विश्वास, सहकार्य गर्ने अवस्था सृजना भएन ।

दिगो शान्तिको उद्देश्य, संक्रमणकालीन न्यायको अवधारणा र मान्यता एवं यस सम्बन्धमा रहेको अनुभव, क्षमता र पुऱ्याएको योगदानभन्दा अपारदर्शी र नियन्त्रित प्रक्रियाद्धारा दलीय पहुँच र भागवण्डाबाट गठित आयोग प्रक्रियाप्रति पीडित लगायतका सरोकारवालाहरुको अपनत्व र विश्वास नरहेको, नियुक्ति पाएका पदाधिकारीहरुको अकर्मण्यता, असक्षमता एवं सरोकारवालाहरुको विश्वास, सहकार्य गर्न नसक्ने, आयुक्तहरु आपसमा समेत मिलेर काम काम गर्न नसक्ने, आन्तरिक कलहमा रुमल्लिने, कतिपय पदाधिकारीको सेवासुविधा एवं व्यक्तिगत प्रचार, पीडितको पीडा र भावना आत्मसात र अनुभुति गर्न नसक्ने, संक्रमणकालीन न्यायको अवधारणा र मर्म अनुरुपको कार्यशैली र कार्यप्रक्रिया समेत नभएका कारण आयोग पूर्णत असफल भएकाले नै विघटन नभएसम्म पदाधिकारीहरु वहाल रहने ऐनको प्राावधान हुदाहुदै आयोगका पदाधिकारी हटाएर नयाँ नियुक्ति गर्नुपर्ने अवस्था आएको हो ।

सरोकारवालाहरुले पीडित लगायतका सरोकारवाला पक्षहरुको अर्थपूर्ण सहभागिता र परामर्शमा सर्वोच्च अदालतको परमादेशका आधारमा तत्काल ऐन संशोधन गर्न पटकपटक माग जानाजान उपेक्षा गरीएको छ । सिफारिस समितिले चैत्रभित्रै आयोगमा पदाधिकारीहरु सिफारिस गर्ने बताएको थियो । तर कुनै समयसिमा नतोकिएको समितिले सांढे तीन महिनासम्म राजनैतिक दलको सहमति कुरेर बसेको एवं स्वतन्त्र ढंगले केही गर्न नसकेबाट सिफारिस समितिको क्षमतामाथि नै प्रश्न उठाएको छ र यो प्रक्रियाले समाधान नदिने स्पट भैसकेको छ । जसबाट सत्य, न्याय र परिपुरणको पर्खाइमा पीडामा पलपल पिल्सिरहेका हामी पीडितहरुलाई नितान्त निरास तुल्याएको छ । यदि सरकारले मुल्य मान्यता र विवेकलाई वन्धक नवनाईकन कर्तव्यनिष्ठ भएर यो समस्यालाई दिगो समाधानको दिशामा अगाडी वढाउन चाहन्छ भने सरकारले तत्काल निम्न कदमहरु चाल्नु पर्दछ भन्ने द्वन्द्व पीडित साझा चौतारीको जोडदार माग गर्दछ ।

*१. सिफारिस समितिको सिफारिसको कामलाई तत्काल स्थगित गरीसबै सरोकारवाला पक्षहरुको परामर्शमा संक्रमणकालीन न्यायको समयसीमा सहितको आगामी समग्र कार्ययोजना (ऐन संशोधनका लागि सरोकारवालाहरुसंगको अर्थपूर्ण परामर्श, ऐन संशोधन, आयोग गठन एवं आयोग कार्यप्रक्रिया लगायत ) तत्काल बनाई योजना अनुसार क्रियाकलापहरु अगाडि बढाउनुपर्दछ ।*

*२.द्वन्द्व पीडितलगायत सरोकारवालाहरूसंग गम्भीर र अर्थपूर्ण परामर्श र सहकार्यको थालनी गरी नेपालको संविधान, विस्तृत शान्ति सम्झौता र सर्वोच्च अदालतको परमादेश, नेपाल पक्ष राष्ट्र भएका तथा नेपालले हस्ताक्षर गरेका मानव अधिकारसम्बन्धी महासन्धि र अभिसन्धिहरूका आधारमा कानुन संशोधन प्रकिया अविलम्व शुरु गर्नुपर्दछ ।*

***३. तदनुरुप ऐन संशोधन गरेपछि सरोकारवालाहरुवीच विश्वास र सहकार्यको वातावरण वनाई विद्यमान् सिफारिस समितिलाई पुनर्गठन गरी विश्वसनीय सिफारिस समिति बनाईयोस । दलीय हस्तक्षेप विना स्पष्ट मापदण्ड र पारदर्शी सार्वजनिक छनौट प्रक्रिया अबलम्वन गरेर योग्यता, क्षमता र अनुभवका आधारमा विश्वसनीय पदाधिकारीहरु सिफारिस गर्ने पूर्ण अधिकार सिफारिस समितिलाई दिनुपर्दछ ।***

४.सर्वोच्च अदालतले २०७० मा दिएको मार्गनिर्देशक सिद्धान्त एवं पेरिस प्रिन्सिपल (Paris Principle) अबलम्वन गरी स्वतन्त्र (आयोग र व्यक्ति दुवै), स्वायत्त (जनशक्ति, साधनश्रोत), निर्धारित क्षेत्राधिकार तथा पर्याप्त अधिकार भएको, पहुँचयुक्त एवं सहयोगपूर्ण आयोगहरु गठन गरिनुपर्दछ । त्यसका लागि स्पष्ट मापदण्डका आधारमा पारदर्शी र विश्वसनीय सार्वजनिक छनौट प्रक्रिया अबलम्वन गरी आयोगमा पदाधिकारी छनौट एवं सिफारिस गर्नुपर्दछ । दलीय प्रभाव र दवावबाट मुक्त भएर काम गर्न सक्ने, मानवअधिकार तथा संक्रमणकालीन न्यायका क्षेत्रमा विज्ञता भएको, द्वन्द्व पीडितका पीडा, संवेदनशीलता र सवालहरुलाई आत्मसात गर्नसक्ने, राजनीति एवं मानवअधिकार बुझ्केको, समूहमा मिलेर काम गर्न सक्ने, राम्रो सामाजिक छवि भएको, निपष्क्ष, स्वतन्त्र, व्यावशायिक, सम्बन्धित विषयमा विज्ञता/विशेषज्ञता भएको तथा राजनीतिक दलको प्रभावबाट विचलित नहुने, दलीय स्वार्थभन्दा माथि उठ्न सक्ने न्यायिक मन भएका योग्य, सक्षम, क्षमता भएका, विश्वसनीय र निष्पक्ष व्यक्तित्वहरूलाई सिफारिश गर्नुपर्दछ । प्रभावकारी र उत्तरदायी आयोग मार्फत छिटो छरितो, स्वच्छ, निष्पक्ष र पारदर्शी रुपमा विगतमा भएका मानव अधिकारको उल्लंघन तथा मानवता विरुद्धको अपराधको निश्पक्ष तथा प्रभावकारी अनुसन्धान तथा अन्वेषण गरी सत्य तथ्य पत्तालगाई कानूनको शासन, मानवअधिकार तथा संवैधानिक मूल्य मान्यताहरुको संरक्षण र सम्वर्द्धन गर्ने प्रयोजनार्थ आयोगमा पदाधिकारी सिफारिस तथा नियूक्ती प्रकृयालाई विश्वस्निय वनाउन संयूक्त राष्ट्रसंघले तोकेका मापदण्ड र अर्न्तराष्ट्रिय मान्यता समेतका आधारमा निम्न बुँदाहरुलाई अबलम्वन गर्नुपर्दछ ।

***४.१) आयोगको स्वतन्त्रता तथा विश्वसनीयता कायम गर्नका लागि आयुक्तहरुको चयन ब्यापक परामर्शको प्रकृया अवलम्बन गरी पारदर्शि ढंगबाट गर्नुपर्दछ ।***

***४.२) छनौट समिति समक्ष परेका आवेदनहरु मध्ये प्रारम्भिक चरणको छानविन गरि योग्यता पुगेका व्यक्तिहरुको सुचि प्रकाशित गर्नुपर्दछ ।***

***४.३) त्यसरी सुचि प्रकाशित गर्दा केवल नामावली मात्र प्रकाशन नगरी निजहरुको ब्यक्तिगत तथा सार्वजनिक जीवनका विवरण, निजहरुको योग्यता (शैक्षिक प्रमाणपत्र मात्र नभई अनुभव, योगदान, क्षमता आदि), क्षमता र शान्ति निर्माण, संक्रमणकालीन न्याय एवं मानवअधिकारका क्षेत्रमा निजले पुर्‍याएको योगदान र हासिल गरेको अनुभव समेत समावेश गर्नुपर्दछ ।***

***४.४) आवेदन परेका वाहेक अन्य सक्षम र योग्य (शैक्षिक प्रमाणपत्र मात्र नभई अनुभव, योगदान, क्षमता आदि) व्यक्तिहरुको नाम प्रस्ताव गर्दा ऐनले तोकेका कुराका अतिरिक्त निम्न मापदण्डका आधारमा चयन गर्ने ।***

***क) मानवअधिकार, द्वन्द्व व्यवस्थापन तथा संकमणकालिन न्यायको क्षेत्रमा उल्लेखनीय अनुभव ( अध्यक्षमा कम्तीमा २५ वर्ष र सदस्यमा कम्तिमा १५ वर्ष काम गरेको) र योगदान भएको, स्वतन्त्र विचारको पक्षधर भनी चिनिएको र निष्पक्ष भनी ख्याति प्राप्त रहेको ।***

***ख) विगतमा भएका मानव अधिकारको उल्लंघन तथा मानवता विरुद्धको अपराधको निष्पक्ष तथा प्रभावकारी अनुसन्धान तथा अन्वेषण गरि सत्य तथ्य पत्तालगाउन सक्ने योग्यता र इच्छ्याशक्ति भएको ।***

***ग) मानव अधिकारको सवाल, मूल्य र मान्यताप्रति राजनितिक पुर्वाग्रह प्रतिवद्ध भएको ।***

***घ) ब्यक्तिगत, सार्वजनिक, आर्थिक जीवन र सामाजिक हैसियतमा कुनै प्रश्न नउठेको ।***

***ङ) पीडित मैत्री चरित्र भएको, लैङ्गिकमैत्री व्यवहार एवं पीडाको गाम्भीर्यता बुझ्केको ।***

***च) सहकर्मी एवं समूहमा मिलेर काम गर्नसक्ने, सञ्चार तथा व्यवस्थापकीय क्षमता भएको ।***

***छ) द्वन्द पिडीत, मानव अधिकार समुदाय, सरकार राजनितिक दल तथा अन्तर्राष्ट्रिय समुदाय, लगायत सरोकारवालहरुसको विश्वास, सहकार्य र सहयोग हासिल गर्नसक्ने एवं र नेतृत्व गर्ने क्षमता भएको ।***

***ज) उच्च नैतिक चरित्र एवं उच्च सामाजिक प्रतिष्ठा भएको ।***

***झ) द्वन्दको कुनै पक्षमा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न नभएको ।***

*ञ) Conflict of Interest नभएको (मानव अधिकार उल्लंघनको आरोपीको पक्षमा, पीडितको विपक्षमा वकालत नगरेको ।)*

*ट) द्धन्द्वको राजनीतिक प्रकृति र ऐतिहासिक पक्षको ज्ञान तथा अनुभव भएको ।*

*ठ) नेपालको अन्तर्राष्ट्रिय दायित्व र राष्ट्रिय विशेषताको विश्लेषण गर्न सक्ने क्षमता भएको ।*

*ड) शारिरीक र मानसिक हिसावले काम गर्न सक्ने स्वास्थ्य अवस्था भएको ।*

*४.५) प्रक्रिया*

*क) सिफारिस समितिले सर्व प्रथम माथी उल्लेखित मापदण्ड वनाई सरोकारवालहरुको जानकारीको लागी सार्वजनिक गर्ने ।*

*ख) पारदर्शि परिक्षण प्रक्रिया अपनाउने जस्तैः निजको योग्यता, क्षमता, शान्ति निर्माण, संक्रमणकालीन न्याय तथा मानवअधिकारसम्वन्धी अनुभव र योगदानको परिक्षणको लागी सार्वजनिक सुनुवाई गर्ने । आवश्यकता अनुसार उम्मेदवारहरुका सम्वन्धमा रेफ्रीहरुसंग थप जानकारी लिने ।*

*ग) त्यसरी सार्वजनिक सुनुवाई गर्दा पीडीत लगायतका सरोकारवालाहरुलाई सो सुनुवाइ प्रक्रियामा सहभागी गराउने र सो सुनुवाईको प्रत्यक्ष प्रसारणको वन्दोवस्त मिलाउने ।*

*घ) त्यसरी सुनुवाइ गर्दा निजले सत्य निरुपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोगमा विचाराधिन रहेका झण्डै ६६ हजार उजुरीको निरुपण, सत्य, न्याय, परिपुरण र संस्थागत सुधार लगायतका ऐनमा उल्लेखित कार्यभार बहन गर्ने एवं पारदर्शिता, सुचना सम्प्रेषण एवं पीडित लगायतका सरोकारवालाहरुसंगको सहकार्य लगायतको योजना प्रस्तुत गर्न लगाउने ।*

*ङ) माथी उल्लेखित मापदण्डहरुको आधारमा अंक दिएर उच्च अंक प्राप्त गर्ने व्यक्तिलाई सिफारिस गर्ने ।*

*च) ४/४ वर्षसम्म पनि कुनै ठोस परिणाम दिन र आपसमा मिलेर काम गर्न नसक्ने, पीडितको पीडा र भावना अनुभुति गर्न र पीडितमैत्री व्यवहार अबलम्वन गर्न नसकेकै कारण आयोग असफल बनाएर पीडितलाई झनै पीडित बनाउने असफल र असक्षम पदाधिकारीहरुलाई पुनर्नियुक्ति कदापि नगर्ने ।*

पटकपटक पीडित समुदायको अपनत्व र सहभागितालाई उपेक्षा गरी बनाइने नाममात्रको आयोग पीडित समुदायलाई स्वीकार्य नहुने तथ्य पुनः दोहोऱ्याउन चाहन्छौं । तसर्थ, काम गरेजस्तो गरे पीडित समुदायलाई भुलभुलैयामा राख्ने तर समाधान नदिने, पीडितलाई झनै पीडित बनाउने प्रक्रिया तत्काल सच्याएर पीडित लगायतका सरोकारवालाहरुले विश्वास र सहकार्य गर्ने, पीडितलाई न्याय दिने एवं शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने समग्र सुल्टो प्रक्रिया अविलम्व अबलम्वन गर्न, हरेक प्रक्रियामा पीडित समुदायको अर्थपूर्ण सहभागिता र परामर्श सुनिश्चित गर्न र सो को लागि सरोकारवालाहरुसंगको अपनत्वमा तत्काल ऐन संशोधन प्रक्रिया तत्काल आरम्भ गर्नका लागि पुनः जोडदार माग गर्दछौं ।

**बोधार्थ**

१. माननीय, वर्षमान पुन, मन्त्री, उर्जा मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
२. माननीय, अनुपराज शर्माज्यू, अध्यक्ष राष्ट्रिय मानवअधिकार आयोग हरिहरभवन, ललितपूर ।
३. माननीय, ओमप्रकाश मिश्रज्यू, अध्यक्ष, वेपत्ता पारिएका व्यक्तिको छानविन एवम् सत्य निरुपण तथा मेलमिलाप आयोग पदाधिकारी सिफारिश समिति, सिंहदरवार, काठमाडौं ।
४. माननीय, सुवास नेम्वाङ्ग, उपनेता नेता नेपाल कम्युनिष्ट पार्टी संसदीय दल, सिंहदरवार, काठमाडौं ।
५. माननीय सभापति, कृष्णभक्त पोखेलज्यू, कानुन, न्याय तथा मानवअधिकार समिति, नयाँ वानेश्वर, काठमाडौं ।
६. माननीय, अग्नि खरेलज्यू, महान्यायाधिबक्ता, महान्यायाधिबक्ताको कार्यालय, सिंहदरवार, काठमाडौं ।
७. श्रीमान्, रमेश लेखकज्यू, केन्द्रिय सदस्य, नेपाली कांग्रेस, केन्द्रिय कार्यालय, सानेपा, काठमाडौं ।


जनकबहादुर राउत
महासचिव
९८५७०४७०६२

भागीराम चौधरी
अध्यक्ष
९८५८०२७७४७


दर्ता नं. ७
2073/4/2
नेपाल सरकार
बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि सिफारिस गर्न गठित सिफारिस समितिको सचिवालय
सिंहदरबार, काठमाडौं
पत्र प्राप्त भयो।
नाम: नारायण खनाल
पद: नायब सुब्बा
नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको निजी सचिवालय
सिंहदरबार, काठमाडौं
नेपाल सरकार
माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रीज्यूको निजी सचिवालय
२०७४
एक थान पत्र प्राप्त भयो।
नाम: नारायण खनाल
पद: नायब सुब्बा
राष्ट्रिय मानव अधिकार आयोग
नेपाल
NHRC
केन्द्रीय कार्यालय
महान्यायाधिवक्ताको कार्यालय
नेपाल